# देवघाट गाउँपालिका

## तनहुँ जिल्ला, प्रदेश नं. ४

# देवघाट गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

**खण्डः १ संख्याः १२ मितिः २०७४/१२/२६**

### भाग – २

### देवघाट गाउँपालिका

# युवा स्वरोजगारका लागि उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७४

# युवा स्वरोजगारका लागि उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७४

प्रस्तावनाः उद्यमको विकास र प्रवद्र्धन गरी युवा स्वरोजगारीको माध्यमवाट गरिबी निवारणमा सहयोग पुर्याउनका लागि युवा स्वरोजगारका लागि उद्यम विकास कोषको सफल कार्यान्वयनको लागि तथा कोषलाई नियमित र व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि निर्देशिका जारी गर्न आवश्यक भएकाले युवा स्वरोजगारका उद्यम विकास कोष संचालन नियमावली २०७४ को नियम २३ अनुसार देवघाट गाउँ कार्यपालिकाको मितिः २०७४/१२/२६ को १५ औं वैठकको निर्णय अनुसार यो निर्देशिका जारी गरिएको छ ।

## भाग १
## परिभाषा

क) “उद्यमी” भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनका लागि जोखिम बहन गरी लगानी गर्ने व्यक्ति वा समूहलाई जनाउँछ ।

ख) “उद्यमशीलता विकास तालिम” भन्नाले व्यवसाय स्थापना तथा सञ्चालनका लागि आवश्यक उत्प्रेरणा तथा व्यवसायिक ज्ञान प्रदान गर्ने हेतुले आफ्ना व्यवसाय सुरु तथा सुधार गरौं (Start and Improve Your Business/SIYB)"तथा “लघु व्यवसाय सिर्जना तथा विकास (Micro-Enterprise Creation and Development/MECD)” जस्ता तालिमलाई जनाउँछ ।

ग) “उद्यम विकास सहजकर्ता भन्नाले उद्यम स्थापना, विकास तथा प्रवद्र्धन गर्नका लागि आवश्यक योग्यता पुगेको जनशक्ति भन्ने सम्झनु पर्छ ।

घ) “कार्यक्रम” भन्नाले गरिबी निवारणका लागि लघु उद्यमका साविक कार्यक्रमलाई जनाउँछ ।

ङ) “कार्यपालिका” भन्नाले गाउँ कार्यपालिकालाई जनाउँछ ।

च) “कार्यालय” भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउँछ ।

छ) “कार्यान्वयन समिति” भन्नाले यसै निर्देशिका बमोजिम हुने गठन कार्यान्वयन समितिलाइ जनाउँछ ।

ज) “कोसेली घर वा सौगात गृह” भन्नाले लघु उद्यमीबाट उत्पादन सामानहरूसङ्कलन गरी बिक्री गर्ने कक्षलाई जनाउँछ । यस अन्तर्गत व्यवसायका लागि आवश्यक कच्चा पदार्थ, मेशिन औजार आपूर्ति गर्ने जस्ता कार्यहरू समेत पर्दछन् ।

झ) “गरिब” भन्नाले नेपाल सरकारले निश्चित मापदण्ड अन्तर्गत समय–समयमा तोकेको राष्ट्रिय वा क्षेत्रगत गरिबीको रेखामुनि रहेको, शिक्षा, स्वास्थ्य जस्ता विकासका मानव सूचकहरूका आधारमा पिछडिएको र निश्चित लिङ्गगत तथा सामाजिक समूहका आधारमा राष्ट्रिय विकास प्रक्रियाका मूल प्रवाहमा समावेश हुन नसकेको व्यक्ति वा समूहलाई सम्झनु पर्छ । यस शब्दले नेपाल सरकारले गरिबीको परिचयपत्र वितरण गरेको अवस्थामा सो परिचयपत्र प्राप्त परिवारको सदस्यलाई समेत जनाउनेछ ।

ञ) “गरिबीको रेखा” भन्नाले नेपाल सरकारले निश्चित मापदण्ड अन्तर्गत समय–समयमा तोकेका राष्ट्रिय गरिबीको रेखा सम्झनु पर्छ ।

ट) “अति गरिब” भन्नाले नेपाल सरकारले तोकेको गरिबीको रेखा मध्ये भित्रपर्ने ६० प्रतिशतभन्दा कम आय भएका व्यक्तिलाई सम्झनु पर्छ ।

ठ) “बजारीकरण” भन्नाले लघुउद्यमबाट हुने उत्पादन, मूल्य निर्धारण, प्रवर्धन तथा वितरण प्रणालीसँग सम्बन्धित उपभोक्ता केन्द्रित क्रियाकलापलाई जनाउँछ ।

ड) “विकास साझेदार” भन्नाले कार्यक्रम सञ्चालनका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने संघ संस्था, निजि क्षेत्र लगायत दातृ निकायहरूलाई सम्झनुपर्छ ।

ढ) “निर्देशिका” भन्नाले स्वरोजगार उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७४ लाई जनाउँछ ।

ण) “अध्यक्ष” भन्नाले गाउँपालिकाका अध्यक्षलाई जनाउँछ ।

त) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाका उपाध्यक्षलाई जनाउँछ ।

थ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

द) “लघु उद्यम” भन्नाले जग्गा बाहेक बढीमा पाँच लाख रूपैंयासम्म स्थिरपुँजी लगानी हुने, वार्षिक २० लाख रूपैंयाभन्दा कम आर्थिक कारोबार हुने, उद्यमी समेत कामदार नौ जना रहने र इन्जिन उपकरण प्रयोग हुने भएमा त्यस्तो इन्जिन वा उपकरणका विद्युत मोटर वा अन्य इन्जिन शक्ति क्षमता १० किलोवाटभन्दा कम रहने व्यवसायलाई जनाउँछ ।

ध) “स्तरोन्नति” भन्नाले उत्पादन, गुणस्तर, प्याकेजिङ्ग, मुनाफा, पूँजी, रोजगार जस्ता पक्षमा उद्यममा देखिने सकारात्मक परिवर्तनलाई जनाउँछ ।

न) “व्यवसाय विकास सेवा प्रदायक संस्था” भन्नाले लघु उद्यमीहरूको सिर्जना, प्रवर्धन, विकास तथा विस्तारका लागि व्यावसायिक सेवा प्रदान गर्न प्रचलित कानुन बमोजिम दर्ता भई सञ्चालनमा रहेका दक्ष जनशक्तियुक्त संस्थालाई बुझाउँछ ।

प) “सिप विकास तालिम” भन्नाले व्यवसाय स्थापना, विकास तथा प्रवर्धनका लागि आवश्यक पर्ने प्राविधिक सिपमूलक तालिमलाई जनाउँछ ।

फ) “एडभान्स तालिम” भन्नाले एक पटक सिप विकास तालिम लिई व्यवसाय सञ्चालन गरिरहेका उद्यमीलाई सोही विषयमा दिइने उच्च स्तरको तालिमलाई जनाउँछ । यस शब्दले आधारभूत सिप प्राप्त उद्यमीलाई दिइने थप तालिमलाई समेत जनाउँछ ।

ब) “लघु उद्यम विकास कोष” भन्नाले लघु उद्यम प्रवर्धन तथा विकास विस्तारका लागि कार्यक्रम लागु हुने प्रत्येक जिल्लामा यसै निर्देशिका बमोजिम कोषलाई स्थापना गरिने बुझाउँछ ।

भ) “व्यवसायिक परामर्श सेवा” भन्नाले व्यवसायको सु-सञ्चालन, तथा स्तरोन्नतिका लागि प्रदान गरिने प्राविधिक तथा व्यवस्थापकीय ज्ञानलाई जनाउँछ ।

म) “साझेदार संस्था” भन्नाले कार्यक्रम सञ्चालनका लागि प्राविधिक सेवा र सहयोग उपलब्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई जनाउँछ ।

य) “साझा सुविधा केन्द्र” भन्नाले यसै भागको खण्ड (ट) अनुसार परिभाषित अति गरिब, समूहमा आवद्ध सदस्यहरू एकै स्थलमा जम्मा भै उत्पादन, प्रशोधन, बजारीकरण तथा सेवा सम्बन्धी काम गर्ने भवन वा स्थानलाई जनाउँछ ।

र) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई जनाउँछ ।

## भाग २
## लक्षित समूह

१. लक्षित समूहः देवघाट गाउँपालिका क्षेत्र भित्रका वेरोजगार युवाहरु यस कार्यक्रमका लक्षित समूह हुनेछन ।
२. अति गरिब, गरिब तथा गरिबिको रेखा मुनिका व्यक्ति प्राथमिकतायुक्त लक्षित समुह हुनेछन ।

## भाग ३
## कार्यक्रम सञ्चालन

३. व्यवसाय विकास कार्यक्रम संचालनः उद्यमी सिर्जना तथा विकासका लागि आवश्यकता अनुसार तपसिल अनुसारका विभिन्न क्रियाकलापहरु संचालन गरिनेछ ।
(क) बजार, श्रोत तथा सम्भाव्यता अध्ययन;
(ख) सहभागितामूलक ग्रामीण लेखाजोखा तथा घरधुरी सर्वेक्षण
(ग) उद्यमशीलता विकास तालिम
(घ) समुह निर्माण
(ङ) सिप विकास तालिम सञ्चालन
(च) कर्जा प्रवाह गर्न सहयोग र सहजीकरण
(छ) व्यवसाय विकास परामर्श तथा बजार विस्तार कार्यक्रम
(ज) उपयुक्त प्रविधिमा पहुँचका लागि सहयोग र सहजीकरण
(झ) लघु उद्यमीहरूको स्तरोन्नति तालिम तथा कार्यक्रम
(ञ) साझा सुविधा केन्द्र निर्माण ।
(ट) कोशेली घरमा सहयोग

४. वडा तथा स्थान छनौटः गाउँपालिकाले कार्यविधि २ अनुसारका क्रियाकलापको लागी वडा तथा स्थान छनौट गर्दा देहायका आधारमा प्राथमिकता क्रम निर्धारण गर्नु पर्नेछ ।
(क) रोजगारी र गरिबीको स्थिति,
(ख) उद्यमीका लागी उपलब्ध हुने श्रोत, कच्चा पदार्थको अवस्था तथा बजारको सम्भाव्यता,
(ग) उद्यमीका लागी उपलब्ध हुने सम्भाव्य अवसरहरु
(घ) कार्यक्रममा लागत सहभागिता जनाउने प्रतिबद्धता,
(ङ) उद्यमीको उत्साह

५. कार्यक्रम संचालन प्रक्रियाः कार्यविधि २ अनुसारका क्रियाकलापको संचालनका लागी तपसिल अनुसारका प्रक्रिया अवलम्वन गर्न सकिनेछ ।

क) कार्यालय आँफैले (जन शक्ती उपलब्ध भए सम्म )
ख) व्यवसाय विकास सेवा प्रदायक संस्था वा विज्ञहरूवाट
ग) आवश्यकता अनुसार उपरोक्त क र ख अनुसारको मिश्रित प्रक्रियावाट

६. व्यवसाय विकास सेवा प्रदायक संस्था वा विज्ञहरूको प्रारम्भिक छनौट

(१) व्यवसाय विकास सेवा प्रदायक संस्था वा विज्ञहरूको परिचालनवाट कार्यक्रम संचालन गर्नु पर्ने भएमा सार्वजनिक खरिद ऐन २०६३ सार्वजनिक तथा खरिद नियमावली २०६४ बमोजिम सेवा प्रदायक संस्था वा विज्ञहरूको संक्षिप्त सूची तयार गरि आशयपत्र ढाँचामा आह्वान गर्नेछन् ।

७. व्यवसाय विकास सेवा प्रदायक संस्था वा विज्ञहरूको प्रारम्भिक छनौट गर्दा लिइने आधारहरूः

(१) व्यवसाय विकास सेवा प्रदायक संस्था वा विज्ञहरूहरूको संक्षिप्त सूची तयार तथा छनौट गर्दा सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली २०६४ मा उल्लेख भएका आधारहरूका साथै देहायका पक्षहरू समेतलाई ध्यान पुर्याउनु पर्नेछ ।

क) संस्थाले उद्यमी सिर्जना सम्बन्धी यस पूर्व गरेका कामहरू;
ख) संस्थाको कार्यक्षेत्र तथा भौगोलिक उपस्थिति;
ग) संस्थामा आवद्ध जनशक्तिको अवस्था – क्षमता र समावेसिपना;
घ) संस्थाको आर्थिक तथा प्राविधिक क्षमता;
ङ) लैङ्गिक समानता र सामाजिक समावेसी सम्वन्धमा संस्थाको नीति र
च) मूल्य अभिवृद्धि करमा दर्ता भएको ।

८. बजार केन्द्र तथा कार्यक्रम स्थलको पहिचान र छनौटः

(१) प्रारम्भिक सर्वेक्षणका आधारमा कच्चा पदार्थ, मागजार तथा पहुँचको सुनिश्चितता समेतलाई आधार मानी एक वा एकभन्दा बढी टोल, वडा समेट्ने गरी उपयुक्त बजार केन्द्र (Market Center) पहिचान गरिनेछ ।

(२) पहिचान गरिएका बजार केन्द्र तथा कार्यक्रम स्थलहरु मध्येवाट उपयुक्त बजार केन्द्र छनौट गरिनेछ ।

९. बजार, प्रविधि तथा वातावरण सम्भाव्यता पहिचान गर्नेः

(१) लघु उद्यमी बनाउनका लागि वेरोजगार त्यसमा पनि महिला, दलित, जनजाति, अल्पसंख्यक, अपाङ्ग र अति गरिबहरूको पहुँच विश्लेषणलाई ध्यान दिँदै देहायका विषयहरूमा केन्द्रित रहेर (फम एम, जी१, जी२) बमोजिम विश्लेषण गरी बजार, प्रविधि तथा वातावरण सम्भाव्यता पहिचान प्रतिवेदन तयार गर्नु पर्दछः

(क) स्थानीयस्तरमा उपलब्ध हुने कच्चा पदार्थको सूची तथा सो को विश्लेषण
(ख) उपलब्ध प्रविधिको सूची तथा सोको विश्लेषण
(ग) स्थानीय कच्चा पदार्थ र प्रविधिका आधारमा आवश्यक पर्नेको सूची तथा सो का विश्लेषण;
(घ) सम्भावित औद्योगिक वस्तुहरू तथा सोका सम्भावित उपभोक्ताहरु
(ङ) उद्यम सञ्चालनको लागि आवश्यक भौतिक पूर्वाधारको अवस्था र
(च) वातावरणीय प्रभाव तथा व्यवसायिक वातावरण (सरकारी नीतिको प्रभाव सहित) को अवस्था ।

(२) उपदफा (१) बमोजिम तयार भएको प्रतिवेदनमा सम्बन्धित बजार केन्द्रमा सम्भावना देखिएका लघु उद्यमहरूको सूची समेत समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम तयार भएको प्रतिवेदनका बारेमा सम्भावित उद्यमीहरूलाई अभिमुखीकरण गराउनु पर्दछ ।

(४) उपदफा (१) बमोजिम तयार भएको एक प्रति प्रतिवेदन तथा उपदफा (३) बमोजिम अभिमुखीकरणको जानकारी गाउँ उद्यम विकास समितिलाई दिनु पर्दछ ।

१०. सम्भाव्य लघु उद्यमीको पहिचान र छनौट गर्नेः

(१) सम्भाव्य उद्यमीको प्रारम्भिक सर्वेक्षण प्रतिवेदनबाट वेरोजगार परिवार भनी ठहरिएकालाई लक्षित समूह मानी सोही समूहका सदस्यहरूलाई छनौट गर्नु पर्दछ ।

(२) सम्भाव्य उद्यमी पहिचान गर्दा कार्यक्रमको उद्देश्य बमोजिम वास्तविक वेरोजगारलाई ध्यान दिनु पर्छ । त्यसमा पनि गरिब,अतिपिछडिएका महिला, आदिवासी जनजाति, दलित, अपाङ्ग, सीमान्तकृत तथा सुविधाविहीन समूहको अनुपातलाई ध्यान दिन सकिनेछ ।

(३) उद्यमप्रतिको धारणा, प्रतिबद्धताको स्तर, उपयुक्त उमेर(१६–५०समूहवर्ष), जोखिम वहन गर्न सक्ने क्षमताको स्तर, चाहना, तत्परता, उद्यमको लागि समय,दिनेगतिशीलता, पारिवारिक व्यवसायिक वातावरण जस्ता गुणहरूलाई समेत सम्भाव्य उद्यमी पहिचान प्रकृयामा उचित महत्व दिनु पर्दछ ।

(४) सम्भाव्य उद्यमीको पहिचान गरेपछि सोको विवरण तयारी गरि यस कार्यक्रमका लागि सम्भाव्य उद्यमीको अन्तिम छनौट गर्नु पर्दछ ।

(५) उपदफा (४) बमोजिम सम्भाव्य उद्यमीको अन्तिम छनौट भए पछि समुह निर्माण गरि उद्यमशिलता विकास तालिम दिनु पर्दछ ।

११. समूह निर्माण गर्नेः

(१) सम्भाव्य उद्यमी पहिचान भै सकेपछि कार्यक्रमको उद्देश्य, सहभागीको रुची, क्षमता, आवश्यकता, सम्भाव्यता, कच्चा पदार्थ र बजारको उपलब्धता लगायतका पक्षहरूमा ध्यान दिई विभिन्न समूहमा आवद्ध हुन सहभागीलाई अभिमुखीकरण गर्नुपर्दछ ।

(२) समूह निर्माण गर्दा समूह परिचालन, समूह सदस्य सङ्ख्या,सदस्यहरूसमूहकाआवद्ध रहेको समुदाय, भौगोलिक अवस्थिति आदि पक्षलाई ध्यान दिनु पर्दछ ।

(३) यस कार्यक्रममा एउटा समूहमा न्यूनतम ५ जना सदस्यहरू रहन सक्नेछ ।

१२. उद्यमशीलता विकास तालिम सञ्चालन गर्ने

(१) सम्भाव्य उद्यमीहरूलाई तालिम स्थलमा समूहमा उपस्थित गराई कम्तिमा पनि दुई देखि सात दिनको उद्यमशीलता विकास र तालिम दिनुपर्नेछ ।

(२) उद्यमशीलता विकास तालिमको पाठ्यक्रममा मूलतः लघु सिर्जनाउद्यम तथा विकास (MECD), आफ्नो व्यवसाय सुरु तथा सुधार गरौं (Start and Improve Your Business-SIYB), Training of Potential Entrepreneur-TOPE/Training of Startup Entrepreneur-

TOSE/Training of Existing Entrepreneur- TOEE/ Training of Growing Entrepreneur-TOGE जस्ता विषयहरूलाई समेत आधार लिई स्थानीय आवश्यकता समेत हेरी पाठ्यक्रम बनाउनुपर्नेछ ।

१३. सिप विकास तालिम सञ्चालन गर्नेः

(१) उद्यमशीलता विकास तालिम लिएका सहभागीहरू मध्ये सम्भावित व्यवसाय छनौटका आधारमा विभिन्न समूहमा आबद्ध गरी सिप विकास तालिम सञ्चालन गर्नु पर्नेछ ।

(२) उद्यमशीलता विकास तालिमका सहभागीहरूलाई पेशा, व्यवसाय तथा उद्योगको प्रकृति हेरी ७ दिन देखि ६० दिन सम्मको छोटो, मध्यम र लामो अवधिको तालिममा सहभागी गराउनु पर्नेछ ।

(३) घरेलु तथा साना उद्योग विभाग, समिति, मेडेप, सिटिइभिटि, अन्य सरकारी तथा अर्ध सरकारी तालिम प्रदायक संस्थाहरूले तर्जुमा गरी स्वीकृत गरेको पाठ्यक्रम समेतका आधारमा पाठ्यक्रम तर्जुमा र स्विकृत गरि सिप विकास तालिम सञ्चालन गर्नु पर्नेछ ।

(४) विषय विज्ञ र सक्षम प्रशिक्षकहरूको उपस्थितिमा तालिम सञ्चालन गर्नु पर्नेछ ।

(५) सिप विकास तालिमका क्रममा प्रशिक्षार्थीलाई आवश्यक पर्ने, कच्चा पदार्थ र प्रविधि (Technology), कच्चा पदार्थ सहभागीहरूलाई उपलब्ध गराई सोको विवरण अनुसूची ७ बमोजिमको ढाँचामा राख्नु पर्दछ । तालिमको क्रममा उत्पादित सामानको ज्याला बाहेकको फिनिसिङ्गको अवस्थकाको आधारमा मुल्य निकाली आम्दानी बाँध्ने । सहभागीले लिन चाहेमा ५० प्रतिशत छुटमा विक्री गर्ने र अन्यलाई लिलाम गर्ने । सो रकम स्वरोजगार कोषमा जम्मा गर्ने ।

(६) तालिम प्राप्त गरी उद्योग व्यवसाय सुरु गरेका उद्यमीहरूलाई लघुउद्यमी समूह, गाउँपालिका लघुउद्यमी समूह सङ्घमा आबद्ध गराउनु पर्नेछ ।

१४. प्रविधिमा सहयोगः

(१) सिप विकास तालिम लिएका वा सिप विकास तालिम आवश्यक नपर्ने तर व्यवसाय शुरु गर्ने व्यक्ति व्यक्ती, समुह, सहकारी संस्थालाई आवश्यकताको आधारमा लागत सहभागितामा उपयुक्त प्रविधि हस्तान्तरण गर्न सकिनेछ ।

(२) तालिमपछि व्यवसाय सुरु गर्नका लागि आवश्यक पर्ने कच्चार्थ पदार्थ प्रविधिको प्राप्ति बारेमा जानकारी गराई उपयोग गर्ने तरिका समेत सिकाउनु पर्दछ ।

(३) व्यवसाय सुरु गर्नका लागि आवश्यक पर्ने लघु कर्जामा पहुँच पुर्याउन गाउँपालिकाको युवा स्वरोजगार कोषको अतिरिक्त लघु उद्यमी र सम्भाव्य वित्तीय संस्थाहरू बिच अन्तक्रिया गराई लघु कर्जाको सहजीकरण गर्नु पर्दछ ।

(४) व्यवसाय शुरु गरी उद्यमीले उत्पादन गरेका उत्पादन/सेवालाई बजारीकरणको लागि बजार सहजीकरण गर्ने कार्य गर्नेछ ।

१५. दक्ष प्रशिक्षक छनौटः (१) सम्बन्धित विषयमा योग्यता , अनुभव, प्रतिवद्धता समेतका आधारमा दक्ष प्रशिक्षक छनौट गरि सम्झौता गरि सिप विकास तालिम दिईनेछ ।

## भाग ४
## साझा सुविधा केन्द्र स्थापना र सञ्चालन

१६. साझा सुविधा केन्द्र स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछः

(१) अति गरिबी तथा विपन्नताको कारण उद्यम स्थापना गर्न आफ्नो निवासमा स्थान पर्याप्त उपलब्ध नहुने तरउद्यम गर्न इच्छुक लघु उद्यमीहरूको सङ्ख्या दश भन्दा बढी रहेको भौगोलिक क्षेत्र/समुदायमा साझा सुविधा केन्द्र स्थापनाका लागि गाउँ उद्यम विकास समितिले सम्भाव्यता अध्ययन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्भाव्यता अध्ययन गर्दा देहायका पक्षहरूमा ध्यान पुर्याउनु पर्दछः

क) साझा सुविधा केन्द्र भवन स्थापनाको लागि आवश्यक पर्ने जग्गा उपलब्धताको अवस्था;

ख) साझा सुविधा केन्द्र निर्माणपछि उद्यमीको उत्पादने कच्चा पदार्थको उपयोग; रोजगारी र आम्दानीमा हुन सक्ने वृद्धि;

ग) साझा सुविधा केन्द्रको स्थापनाले समुदायको मानोविज्ञानमा सकारात्मक प्रभाव;

घ) साझा सुविधा केन्द्रको स्थापनामा लाग्ने कूल लागत तथा लागतमा साझेदारी गर्न सक्ने स्थानीय निकाय, समुदाय, उद्यमीहरूको प्रतिवद्धता र सिप;

ङ) साझा सुविधा केन्द्रको व्यवस्थापन र उपयोग प्रक्रिया ।

(३) उपदफा (१) र (२) बमोजिम साझा सुविधा केन्द्रको स्थापनाको सम्भावना देखिएमा साझा सुविधा केन्द्र व्यवस्थापन समितिको गठन गरिनेछ ।

(४) उपदफा (३) बमोजिम गठन भएको व्यवस्थापन समितिले जग्गा व्यवस्था गरी लागत साझेदारीमा साझा सुविधा केन्द्रको स्थापनाको लागि गाउँ उद्यम विकास समितिको सिफारिस सहित कार्यक्रम प्रस्ताव पेश गरेमा कार्यालयले तोकिएको रकम साझा सुविधामा केन्द्रको खातामा जम्मा गरिदिनेछ ।

(५) उपदफा (४) बमोजिम कार्यालयले उपलब्ध गराएको रकम तथा अन्य श्रोतबाट प्राप्त गरेका रकमको आम्दानी खर्चको हिसाब दुरुस्त राखी कार्यालय र गाउँ उद्यम विकास समितिलाई जानकारी गराउने दायित्व केन्द्र व्यवस्थापन समितिको हुनेछ ।

(६) गाउँ उद्यम विकास समितिले साझा सुविधा केन्द्रलाई सहयोग उपलब्ध गराउनको लागि व्यवस्थापन प्रभावकारी बनाउन थप आवश्यक निर्देशन दिन सक्नेछ ।

(७) साझा सुविधा केन्द्रको उपयोग उद्यमीहरूले नगर्ने परिस्थिति सिर्जना भएमा,योजना अनुरूप उपयोग हुने परिस्थिति सिर्जना नभएमा वा व्यवस्थापनमा समस्या उत्पन्न भएमा सो केन्द्रको सम्पत्ति गाउँ उद्यम विकास समितिको हुनेछ ।

(८) गाउँ उद्यम विकास समितिले उपदफा (७) बमोजिमत प्राप्त हुन आएको सम्पत्ति अन्य केन्द वा उद्यमी समूहलाई हस्तान्तरण गर्न सक्नेछ ।

१७. उद्यम विकास समितिको गठनः

(१) गाउँपालिका स्तरमा कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिमको उद्यम विकासको समिति गठन हुनेछः

संयोजकः गाउँपलिका अध्यक्ष

सदस्यः गाउँपालिका उपाध्यक्ष
सदस्यः प्रमुख प्रशासकीय अधिकृत
सदस्यः वडा अध्यक्षहरु
सदस्य–सचिवः प्रमुख प्रशासकीय अधिकृतले तोकेको उद्योग उप शाखा वा इकाई हेर्ने कर्मचारी

१८. उद्यम विकास समितिको काम, कर्तव्य र अधिकारः

(१) उद्यम विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) उद्यम विकास सम्बन्धी गाउँपालिका स्तरीय योजना तर्जुमा गराई स्वीकृत गराउने;

ख) स्वीकृत योजनालाई कार्यान्वयन गर्न कार्य योजना स्वीकृत गर्ने;

ग) उद्यम विकास सम्बन्धी प्याकेज कार्यान्वयन गर्नका लागि सम्भावित वडा, वस्ती छनौट गर्न सहयोग गर्ने;

घ) कार्यक्रम प्रगति विवरण बैठकमा छलफल गराउने तथा देखिएका कमि कमजोरी सुधारका लागि निर्देशन, सुझाव दिने;

ङ) आफ्नो कार्यक्षेत्र भित्र उद्यम, लघुउद्यम विकासमा काम गर्ने गैरसरकारी, सरकारी, निजिक्षेत्र, विकास साझेदार नागरिक समाजका सङ्घ संस्थाहरूसँग कार्यगत सम्बन्ध स्थापित गरी अनुकूल वातावरण तयार गर्ने;

च) लघु उद्यम विकास सम्बन्धी गाउँपालिका स्तरमा भएका कार्यक्रमहरूको, सार्वजनिक सुनुवाइ कार्यक्रमहरू जस्ता आयोजना गरी जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्ने;

छ) व्यवसाय विकास सेवा प्रदायक संस्थाहरूले सम्झौता बमोजिमका कार्य गरे नगरेको सम्बन्धमा नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने ,

ज) लघु उद्यमीका उत्पादनहरूलाई बजार सुनिश्चित गर्न सम्बद्ध निजी सङ्घ संस्थाहरूसँग अन्तक्रिया, छलफल, परामर्श गर्ने;

झ) लघु उद्यमीहरूलाई वित्तीय सुविधा उपलब्ध गराउन आफ्नो कार्यक्षेत्रका निकटमा रहेका वित्तीय संस्थाहरूको पहिचान गरी उद्यमीहरूसँग सम्बन्ध स्थापित गराउने,

ञ) कार्यक्रम सञ्चालन गर्ने उद्योग इकाई वा उद्यम विकास सहजकर्ता र सामाजिक परिचालकहरू बिच कार्यगत सम्बन्ध स्थापित गराउने;

ट) गाउँपालिकाको उद्यम विकास योजना तर्जुमा तथा कार्यान्वयन,

ठ) स्थानीय श्रोत साधनको अधिकतम उपयोग गर्न उद्यमशिलता विकासका लागि चेतना फैलाउने;

ड) गाउँपालिकाका उद्यमीहरूको तथ्याङ्क संकलन तथा अधावधिक गर्ने;

ढ) उद्योग इकाइलाई सूचना, स्रोत, दक्षता आदिका दृष्टिले साधन श्रोत सम्पन्न बनाउने

ण) कार्यक्रम कार्यान्वयनका क्रममा आइपर्ने कार्यान्वयन तहका बाधा अड्चन फुकाउने तथा नीतिगत बाधा अड्चन फुकाउका लागि कार्यपालिकामा सिफारिस गर्ने ।

## भाग ५
## करारमा तालिम चलाउने व्यवस्था

१९. सिप विकास तथा स्तर उन्नतिका लागि संघ,संस्थाहरूसँग आपसी करार गरी तालिम चलाउन सकिनेः

(१) कार्यालयवाट तालिम संचालन गरिनेछ । तर सजावट सहितको तालिम कक्ष वा महङ्गा मेशिन उपकरण आवश्यक पर्ने (जस्तैः मेकानिकल वर्क्स, रेडियो टि.भि. मर्मत, मोबाईल मर्मत जस्ता सम्बन्ति क्षेत्रमा फर्म दर्ता भएकाहरु मध्येवाट उद्यम विकास उपसमितिको सिफरिसमा कार्यालयले सुचना आह्वान गरी आपसी सम्झौतावाट तालिम सञ्चालन गराउन सक्नेछ ।

(२) उद्यम विकास समितिले उपनियम (१) बमोजिमको तालिमको लागि सिफारिस गर्दा तालिमको आवश्यकता, प्रकार, अवधि, सहभागीको सङ्ख्या, दिने तालिमको विषयको विवरण (Training Modules), श्रोतव्यक्ति, लागत लाभ विश्लेषण, लागत सहभागिता, व्यवसायिक योजना सहित तालिमको अनुमानित लागत समेत उल्लेख गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको तालिम लघु उद्यमीहरूसँगको लागत सहभागितामा समेत सञ्चालन गर्न सकिनेछ ।

## भाग ६
## तालिमबाट उत्पादित समानहरूको व्यवस्थापन

२०. तालिमबाट उत्पादित समानहरू सहभागीलाई नै छुटमा विक्री गर्न सकिनेः

(१) कुनै सामान वा वस्तु उत्पादन हुने तालिममा तालिमबाट उत्पादित वस्तु तथा समानहरूको गुणस्तर कायम गराउनु प्रशिक्षकको दायित्व हुनेछ ।

(२) तालिमबाट उत्पादित वस्तुहरूको व्यवस्थित अभिलेख राखी यस्ता उत्पादनहरू प्रशिक्षण अवधिभित्रै परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरूलाईनै विक्रीगर्न सकिनेछ ।

(३) उपनियम (२) बमोजिम विक्री भएको सामानको रकम तालिम सम्पन्न भए पछि प्रशिक्षक वा उद्यम विकास सहजकर्ता वा उद्योग उप शाखाले स्वरोजगार उद्यम विकास कोषको खातामा जम्मा गर्नु पर्दछ ।

(४) उपनियम (२) बमोजिम विक्री हुन नसकेका सामानहरूको विवरण कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम स्टोर दाखिला हुन आएका सामानहरू तत्काल लिलाम विक्रीको प्रकृया अघि बढाई विक्री गरेर आएको रकम कोषको खातामा कार्यालयले जम्मा गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम लिलाम विक्री हुन नसकेका सामानहरू कार्यालयले सडी गाली जानु भन्दा पूर्व नै नियमानुसार धुल्याउनु पर्दछ ।

## भाग ७
## प्राविधिक तथा परामर्श सेवा सम्बन्धी व्यवस्था

२१. लघु उद्यमीहरूलाई प्राविधिक तथा परामर्श सेवा उपलब्ध गराउनुपर्नेः

(१) यस कार्यक्रम अन्तर्गत सिप विकास तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गर्ने उद्यमीहरूलाई आवश्यक पर्ने प्राविधिक तथा परामर्श सेवा कार्यालयले निःशुल्क उलब्ध गराउनुपर्नेछ ।

(२) कुनै पनि प्रशिक्षार्थी लघु उद्यमीले माग गरेको परामर्श प्राविधिक सेवा कार्यालयले उपलब्ध गराउन असमर्थ भएमा उद्यम विकास समितिलेको सिफरिसमा कार्यालयले स्थानीय स्तरमा उपलब्ध विषय विज्ञमार्फत सार्वजनिक खरिद ऐन, नियम बमोजिम त्यस्तो प्राविधिक तथा परामर्श सेवा खरिद गरि व्यवसायीलाई निःशुल्क प्राविधिक तथा परामर्श सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनेछ ।

## भाग ८
## बजारीकरण सञ्जाल

२२. बजार बिकासमा सहयोग गर्नु पर्नेः

(१) उद्यम विकास समितिले लघु गाउँपालिका, जिल्ला, केन्द्र उद्यमी सङ्घका समेत सहकार्यमा लघु उद्यमीहरूको उत्पादनलाईबजारविकास गर्न लघु उद्यम विकास कोषबाट उद्यमीहरूलाई सहयोग गर्नुपर्नेछ ।

(२) उद्यम विकास समितिले लघु उद्यमीहरूबाट उत्पादित वस्तु वा सेवाको दिगो बजार विकासको लागि लघु उद्यमी, लघु उद्यमी समूह, जिल्ला लघु उद्यमी समूह, सहकारी र खरिद गर्ने संस्था/समुदाय वा व्यक्तिसँग देहाय बमोजिमका कार्यहरू गरी सम्पर्क र सम्बन्ध स्थापित गराउनेछः

क) औद्योगिक तथा बजार मेला प्रदर्शनीमा सहयोग;
ख) प्रचार प्रसारमा सहयोग;
ग) सम्बन्धित खरिदकर्तासँग सम्पर्क स्थापना तथा समन्वय;
घ) सरोकारवालासँग अन्तरक्रिया/बैठक आयोजना;
ङ) बजार प्रवद्र्घनमा सहयोग पुग्ने कार्यमा सहजीकरण र
च) लघु उद्यमीहरूको हितमा नीति निर्माणमा पैरवी ।

## भाग ९
## गुणस्तर नियन्त्रण र सुधार

२३. गुणस्तर नियन्त्रण र सुधारमा सहयोग गर्नु पर्नेः

(१) उद्यम विकाससमितिले लघु उद्यमीहरूलाई उपयुक्त प्रविधि हस्तान्तरण, दक्षता उपलब्धता, जनशक्ति कच्चा पदार्थ प्राप्ति, प्रशोधन, लेबलिङ्ग, टेष्टिङ, प्याकिङमा सहयोग गरी गुणस्तर नियन्त्रण र सुधारमा सहयोग गर्नुपर्नेछ ।

(२) लघु उद्यमीका उत्पादनलाई गुणस्तर यकिन र प्रमाणित गराई ब्राण्ड नाम तथा ट्रेडमा लिनु पर्ने वा उद्यम दर्ता गर्नु पर्ने भए सो कार्यमा समेत उद्यम विकास समितिको सिफारिसमा कार्यालयले सहयोग गर्नुपर्नेछ ।

## भाग १०
## अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

२४. कार्यक्रमको अनुगमन गर्नु पर्ने

(१) उद्यम विकास समितिले कार्यक्रमको प्रभावकारी अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ तथासंस्थासँग समन्वयगरी वार्षिक रूपमा मूल्याङ्कन सम्पन्न गरिनेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृत आफुले वा उद्योग इकाई, उद्यम विकास सहजकर्ता मार्फत नियमित रुपमा कार्यक्रको निरीक्षण,अनुगमन गर्नुपनेछ । उद्योग इकाई, उद्यम विकास सहजकर्ताले कार्यक्रमको नियमित अनुगमन गरि प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रगति प्रतिवेदन मासिक रुपमा पेश गर्नु पर्नेछ । यसरी प्राप्त प्रगति प्रतिवेदन तथा आफैले गरेको अनुगमन समेतको आधारमा प्रमुख प्रशासकीय अधिकृतले अध्यक्ष समक्ष प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ । उक्त प्रतिवेदन र आफुले गरेको अनुगमन सहित अध्यक्षले चौमासिक रुपमा अनुगमनको प्रतिवेदन उद्यम विकासमतिमा पेश गर्न लगाउनु पर्नेछ । उद्यम विकास समितिले प्राप्त प्रगति प्रतिवेदनमा छलफल गरि समस्या भए समाधानका उपाय तथा सल्लाह सुझाव दिन सक्नेछ ।

## भाग ११
## विविध

२५. गुनासो व्यवस्थापन प्रकृयाः

(१) कार्यक्रम सम्बन्धी कुनै गुनासो पर्न आएमा व्यवस्थापन र सुधारको लागि तत्सम्बन्धी निर्णय गरी कार्यान्वयन गर्ने जिम्मेवारी उद्यम विकास समितिको हुनेछ ।

(२) उजुरी लिनको लागि उजुरी पेटिका (Complaint Box) र विद्‍युतीय माध्यम लगायतका अन्य माध्यम प्रयोग गर्न सकिने छ ।

(३) प्राप्त उजुरी र गुनासोको अभिलेख राखी उद्यम विकास समितिले त्यसको सम्बोधन गर्नुपर्नेछ ।

(४) उद्योग इकाईको गुनासो दर्ता गरि समिति समक्ष पेश गर्नेछ ।

२६. लागत सहभागिता (cost sharing) लाई बढावा दिने

(१) लघु उद्यम विकास अभियानलाई आत्मनिर्भर बनाउन उद्यम विकास समितिले लागत सहभागितालाई बढावा दिने नीति अवलम्बन गर्नेछ ।

(२) साझा सुविधा केन्द्र तथा कोशेली घर सञ्चालन, एडभान्स तालिम, प्रविधि हस्तान्तरण, प्रविधिक र परामर्श सेवा लगायतका व्यवसायिक सेवा र तालिम लागत सहभागिताको आधारमा सञ्चालन गर्न सकिनेछ ।

२७. उद्यम विकास सहजकर्ताको योग्यताः

(१) देहायको न्यूनतम योग्यता भएको जनशक्तिलाई उद्यम विकास सहजकर्ताको रुपमा करारमा लिई कम लगाउन सकिनेछ ।

(क)उद्यम विकास संग सम्बन्धित क्षेत्रमा कम्तिमा २ वर्ष काम गरेको वा सामाजिक परिचालनको क्षेधमा कम्तिमा २ बर्षको अनुभव रहेको ।

(ख)न्युनतम प्रविणता प्रमाण पत्र वा प्लस टु उत्तिण गरेको तर गाउँ कार्यपालिकाको कार्यालयमा जुनसुकै पदमा कम्तिमा एक वर्ष काम गरेको र तोकिएको शैक्षिक योग्यता भएको व्यक्तिलाई उद्यम विकास सहजकर्ताको काममा काम लगाउन सकिनेछ ।

२८. उद्यम विकास सहजकर्ताको काम, कर्तव्यः

क) गाउँपालिका क्षेत्रभित्र सञ्चालित उद्योगहरुको विवरण संकलन गर्ने ।

ख) उद्यमशिलता विकास सम्बन्धि काममा सहयोग गर्ने ।

ग) सिप विकास तालिममा सहयोग गर्ने ।

घ) उद्योग प्रवर्द्धन, उत्पादन, बजारिकरण लगायत उद्यमी मैत्री कार्यक्रममा सहजीकरण गर्ने ।

ङ) कार्यालयको उद्योग इकाईको काममा सहयोग गर्ने ।

च) आफुले गरेको कामको मासिक प्रगति प्रतिवेदन कार्यालयमा पेश गर्ने ।

२९. संशोधन तथा हेरफेर सम्बन्धी व्यवस्थाः गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यस नियमावली तथा अनुसूचीमा समय सापेक्ष हेरफेर र संशोधन गर्न सक्नेछ ।

३०. बचाउः यस अघि यस सम्बन्धी भए गरेका काम कारवाहीहरु यसै निर्देशिका अनुसार भए गरेको मानिनेछ ।

**आज्ञाले**
**रमेश सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**